# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, फागुन ३० गते २०४५ साल (संख्या ४७

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची– १ मा रहेको क्र.सं. ५ पछि देहायबमोजिमको क्र.सं. ६ थप गरेको छ ।

"(६) नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ"

#### सूचना २

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागमा समूहीकृत नहुने पदहरू महानिर्देशक तथा उप-महानिर्देशक पदहरूमा बाहेक उक्त विभाग र अन्तर्गत कार्यालयमा कार्यरत जनरल फरेष्ट्री समूहका कर्मचारीहरूलाई "नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ" समूहमा समूहीकृत गरेकोले नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम २ को उपनियम (५) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।